लहान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
लहान, सिरहा
प्रदेश नं. २, नेपाल
(स्वास्थ्य शाखा)
visit Nepal 2020
सम्पर्क नं. ०३३- ५६०१३८, ५६०१३९, ५६०१३७ (फ्याक्स)

पत्र संख्याः- २०७६|०७७
चलानी नं.- २६३०

मितिः-२०७६/१०/२२

# अ.न.मी. करारमा भर्ना गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/१०/२३ गते

लहान नगरपालिकाको आ.ब.२०७६/७७ को सशर्त तर्फको बार्षिक स्वीकृत **एकीकृत महिला स्वास्थ्य तथा प्रजन्न स्वास्थ्य कार्यक्रम** अन्तर्गतका कियाकलापहरु "मातृ तथा नवशिशु कार्यक्रम" तथा "परिवार योजना तथा प्रजन्न स्वास्थ्य कार्यक्रम" अनुसार यस नगरपालिका अन्तर्गत Birthing Centre भएको स्वास्थ्य चौकी लहान र स्वास्थ्य चौकी छर्रापट्टीमा गुणस्तरीय प्रसुति सेवालाई २४ सै घण्टा सुचारु ढंगले संचालन गर्ने उद्देश्यले २ जना अ.न.मी. तथा सामुदायिक स्वास्थ्य इकाई बर्दमार र सामुदायिक स्वास्थ्य इकाई बेतहाका लागि २ जना रोभिङ अ.न.मी. गरी जम्मा ४ जना अ.न.मी. तपसिल बमोजिमको करारमा भर्ना गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ।

तपसिलः

| विज्ञापन नं. | विज्ञापन गरिएको पद | तह | आवश्यक संख्या | कार्यक्रम | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १-२०७६/०७७ | अ.न.मी. | सहायक चौथो | २ | मातृ तथा नवशिशु कार्यक्रम | मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.न.मी.कोर्ष उतीर्ण गरी सम्बन्धित परिषदमा दर्ता (नवीकरण समेत) भएको। | SBA तालिम लिएकोलाई विशेष प्राथमिकता दिईनेछ। काम गर्नुपर्ने संस्था बर्थिङ्ग सेन्टर भएको स्वास्थ्य चौकी लहानमा १ जना र स्वास्थ्य चौकी छर्रापट्टीमा १ जना |
| २-२०७६/७७ | अ.न.मी. (Roving ANM) | सहायक चौथो | २ | परिवार योजना तथा प्रजन्न स्वास्थ्य कार्यक्रम | मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.न.मी.कोर्ष उतीर्ण गरी सम्बन्धित परिषदमा दर्ता (नविकरण समेत) भएको। | काम गर्नुपर्ने संस्था सामुदायिक स्वास्थ्य ईकाई बर्दमार र सामुदायिक स्वास्थ्य ईकाई बेतहा |

**दरखास्त दिने अन्तिम मितिः-** मिति२०७६/११/०८ गते सम्म।
**सम्पर्क मितिः-** २०७६/११/११ गते।
**दरखास्त फारम पाईने तथा दस्खास्त दिने स्थानः-** स्वास्थ्य शाखा, नगरपालिकाको कार्यालय, लहान।
**परीक्षाको किसिमः-** लिखित र अन्तर्वाता (मौखिक)। परीक्षा मिति पछि तोकिनेछ।
**सेवा सुविधाः-** मासिक तलब रु.२२१००/-

प्रमुख प्रशासकीय अधिकृत

# लहान नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

लहान, सिरहा
प्रदेश नं.२,नेपाल
(स्वास्थ्य शाखा)

visit Nepal 2020

सम्पर्क नं. ०३३- ५६०१३८ ५६०१३९ ५६०१३७ (फ्याक्स)

पत्र संख्याः- २०७६।०७७
चलानी नं.-

मितिः-२०७६/१०/२२

**उमेरः-** दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

**आवेदन फारमः-** लहान नगरपालिकाको Website: www.lahanmun.gov.np मा Download गर्न सकिन्छ/यस नगरपालिकाको स्वास्थ्य शाखाबाट उपलब्ध हुने दरखास्त फारम भरी आवेदन दिनु पर्नेछ।

**आवेदन शुल्कः-** रु.५००/- नगरपालिकाको राजस्व शाखामा बुझाएको शुल्कको सक्कल भौचर (भिन्दा भिन्दै विज्ञापनका लागि छुटा छुटै दरखास्त र राजस्व बुझाउनु पर्नेछ)।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः-** व्यक्तिगत विवरण (CURRICULUM-VITAE),नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपीहरु,परिषद दर्ता (नवीकरण समेत) प्रमाण पत्रको प्रतिलिपी, कार्य अनुभव भए कार्य अनुभवको प्रमाण पत्रको प्रतिलिपी, विभिन्न सम्बन्धित विषयमा तालिम (SBA Training & Other Related Training) लिएको प्रमाण पत्रको प्रतिलिपी,

द्रस्टव्यः-

- उम्मेदवार स्वयंले दरखास्त फारम भरी पेश गर्नुपर्नेछ।
- म्याद नाघी आएका दरखास्त उपर कुनै कारबाही हुने छैन।
- करार अवधि २०७७ साल असार मसान्त सम्म रहने छ।
- यस सूचनामा कुनै पनि संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा सूचना टाँस गरी जानकारी गराईनेछ।
- माथि उल्लेखित कुरा र यस बाहेकका अन्य कुराहरु करार निर्देशिका, २०७२ तथा अन्य प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

२०७६।१०।२२

खेम नन्द भुषाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत